नेपाल सरकार
महिला, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

## सम्पूर्ण बालबालिकालाई राष्ट्रिय बाल दिवस २०८३ को शुभकामना !

राष्ट्रिय बाल दिवस २०८३ को नारा बालापनको रक्षाः भविष्यको सुरक्षा रहेको छ। बालबालिकालाई विभेद, हिंसा, शोषण, दुर्व्यव्यहार, शारीरिक तथा मानसिक दण्ड सजाय, बाल विवाह, बाल श्रम, वेचविखन तथा ओसारपसार लगायतबाट संरक्षण गरी बालापनको रक्षा गर्नु हामी सबैको साझा दायित्व र जिम्मेवारी हो। बालबालिकाको सर्वाङ्गीण विकास र उत्तरोत्तर प्रगितका निम्ति यस दिवसले सरोकारवाला निकाय, संघ संस्था, विद्यालय, अभिभावक र नागरिक समाजलाई थप प्रेरणा प्रदान गरोस् र बालबालिकाको अधिकार तथा हक हितको सम्मान तथा परिपूर्तिका साथ सम्पूर्ण बालबालिकाको सुरक्षा, समृद्धि, उन्नति र प्रगतिका लागि परिषद् हार्दिक शुभकामना व्यक्त गर्दछ।

मिति २०८३ साल भदौ १० गते भोटेकोशी/त्रिशूली नदीमा आएको विनाशकारी बाढीका कारण भएको जनधन तथा भौतिक क्षतिले राष्ट्रले ठूलो विपत्ती सहन गर्नुपर्दा कतिपय बालबालिका सम्पर्कविहीन भएका छन् भने कतिपयले वाबुआमा तथा परिवार गुमाएर अभिभावकविहीन हुन पुगेका छन्। विनाशकारी बाढीका कारण ज्यान गुमाउन पुगेका सम्पूर्ण बालबालिकाप्रति परिषद् श्रद्धासुमन व्यक्त गर्दछ भने परिवारजनप्रति समवेदना व्यक्त गर्दछ। साथै बेपत्ता भएका बालबालिकाको खोजी एवम् घाइते भएका र पीडामा रहेका बालबालिकाको पूर्ण स्वास्थ्य लाभको कामना गर्दछ।

(दुर्गा प्रसाद चालिसे)
सदस्य-सचिव

२९ भदौ २०८३
नेपाल सम्वत् ११४६

"बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी"

फोन नं.: ०१– ५४५०१२१, ५४५०१२४, ५४५०१४७
Tel. : 01-5450121, 5450124, 5450147

E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np

CamScanner